# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल ।

### प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका देहायका सेवा समूहका अधिकृत सातौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।

**सूचना नं १६३/०८२-०८३** **प्रकाशन मिति : २०८२/०९/११**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम देहायका पदहरूमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/१०/१५ गतेसम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | ८६/०८२-८३ | शाखा अधिकृत | सातौँ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ३ |
| २. | ८७/०८२-८३ | प्रशासकीय अधिकृत | सातौँ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| ३. | ८८/०८२-८३ | लेखा अधिकृत | सातौँ | प्रदेश प्रशासन/लेखा | १ |
| ४. | ८९/०८२-८३ | लेखा अधिकृत | सातौँ | स्थानीय प्रशासन/लेखा | १ |
| ५. | ९०/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौँ | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | १ |
| ६. | ९१/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौँ | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | १ |
| ७. | ९२/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौँ | प्रदेश स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी/जनरल मेडिकल ल्याब टेक्नोलोजी | १ |
| ८. | ९३/०८२-८३ | नर्सिङ अधिकृत | सातौँ | प्रदेश स्वास्थ्य/ जनरल नर्सिङ | १ |
| ९. | ९४/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/ईरिगेशन | १ |
| १०. | ९५/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| ११. | ९६/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानीटरी | १ |
| १२. | ९७/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/बि. एण्ड आ. | १ |
| १३. | ९८/०८२-८३ | इन्जिनियर | सातौँ | स्थानीय इन्जिनियरिङ/सिभिल | २ |
| १४. | ९९/०८२-८३ | पशु चिकित्सक | सातौँ | स्थानीय कृषि/भेटेरिनरि | २ |
| १५. | १००/०८२-८३ | कृषि प्रसार अधिकृत | सातौँ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| १६. | १०१/०८२-८३ | कृषि प्रसार अधिकृत | सातौँ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १७. | १०२/०८२-८३ | बालि संरक्षण अधिकृत | सातौँ | प्रदेश कृषि/बालि संरक्षण | १ |
| १८. | १०३/०८२-८३ | कृषि विकास अधिकृत | सातौँ | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | १ |
| १९. | १०४/०८२-८३ | कृषि अर्थ विज्ञ | सातौँ | प्रदेश कृषि/एग्री.इको.एण्ड मार्केटिङ | १ |
| २०. | १०५/०८२-८३ | मत्स्य विकास अधिकृत | सातौँ | प्रदेश कृषि/मत्स्य विकास | १ |
| २१. | १०६/०८२-८३ | वन अधिकृत | सातौँ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| २२. | १०७/०८२-८३ | शिक्षा अधिकृत | सातौँ | प्रदेश शिक्षा/ शिक्षा प्रशासन | १ |
| २३. | १०८/०८२-८३ | शिक्षा अधिकृत | सातौँ | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **www.ppsc.lumbini.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा सूचित गरिन्छ ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू :**

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३४ बमोजिम बढुवाका लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।
२. ज्येष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३६ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४४ बमोजिम हुनेछ ।
३. बढुवाका लागि प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९ बमोजिमको योग्यता पुगेको र दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४७ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
६. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।
७. ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९(१)(ग) तथा स्थानीय निजमती सेवा ऐन, २०८१ को दफा ४७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० तथा स्थानीय निजामती सेवा ऐन, २०८१ र स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ ।

**दरखास्त दस्तुर** : रु. १०००/- (एक हजार रुपियाँ)
**दरखास्त दस्तुर बुझाउने स्थान** : राष्ट्रिय वाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं. १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ ।
**कार्यालय कोड** : २१०००४८०१५ (प्रदेश लोकसेवा आयोग)
**राजस्व शीर्षक नं.** : १४२२४
**नोट: ज्येष्ठता** र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।
**द्रष्टव्य:-** थप जानकारी आयोगको वेबसाईट **https://ppsc.lumbini.gov.np/** मा उपलब्ध छ ।

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल ।

### प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका देहायका सेवा समूहका अधिकृत सातौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूमा कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।

**सूचना नं. १६४/०८२-०८३** **प्रकाशन मिति : २०८२/०९/११**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम देहाय बमोजिमका पदहरूमा कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/१०/१५ गतेसम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समूह | कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | १०९/०८२-८३ | शाखा अधिकृत | सातौँ | प्रदेश प्रशासन/ सामान्य प्रशासन | २ |
| २. | ११०/०८२-८३ | प्रशासकीय अधिकृत | सातौँ | स्थानीय प्रशासन/ सामान्य प्रशासन | ४ |
| ३. | १११/०८२-८३ | लेखा अधिकृत | सातौँ | प्रदेश प्रशासन/लेखा | १ |
| ४. | ११२/०८२-८३ | लेखा अधिकृत | सातौँ | स्थानीय प्रशासन/लेखा | १ |
| ५. | ११३/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौँ | प्रदेश स्वास्थ्य/हेल्थ ईन्स्पेक्सन | १ |
| ६. | ११४/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौँ | स्थानीय स्वास्थ्य/ हेल्थ ईन्स्पेक्सन | १ |
| ७. | ११५/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौँ | प्रदेश स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी/जनरल मेडिकल ल्याब टेक्नोलोजी | १ |
| ८. | ११६/०८२-८३ | नर्सिङ अधिकृत | सातौँ | प्रदेश स्वास्थ्य/ जनरल नर्सिङ | १ |
| ९. | ११७/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/ईरिगेशन | १ |
| १०. | ११८/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| ११. | ११९/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानीटरी | २ |
| १२. | १२०/०८२-८३ | इन्जिनियर | सातौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/बि एण्ड आ. | १ |
| १३. | १२१/०८२-८३ | इन्जिनियर | सातौँ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| १४. | १२२/०८२-८३ | पशु चिकित्सक | सातौँ | स्थानीय कृषि/भेटेरिनरि | २ |
| १५. | १२३/०८२-८३ | पशु विकास अधिकृत | सातौँ | स्थानीय कृषि/ला.पो.डे.डे. | १ |
| १६. | १२४/०८२-८३ | कृषि प्रसार अधिकृत | सातौँ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| १७. | १२५/०८२-८३ | कृषि प्रसार अधिकृत | सातौँ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| १८. | १२६/०८२-८३ | कृषि विकास अधिकृत | सातौँ | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | २ |
| १९. | १२७/०८२-८३ | बाली संरक्षण अधिकृत | सातौँ | प्रदेश कृषि/बाली संरक्षण | १ |
| २०. | १२८/०८२-८३ | कृषि अर्थ विज्ञ | सातौँ | प्रदेश कृषि/ एग्री.ईको. एण्ड मार्केटिङ | १ |
| २१. | १२९/०८२-८३ | बाली विकास अधिकृत | सातौँ | प्रदेश कृषि/ बाली विकास | १ |
| २२. | १३०/०८२-८३ | वन अधिकृत | सातौँ | प्रदेश वन/ जनरल फरेष्ट्री | १ |
| २३. | १३१/०८२-८३ | भूसंरक्षण अधिकृत | सातौँ | प्रदेश वन/स्वायल एण्ड वाटर कन्जर्भेसन | १ |
| २४. | १३२/०८२-८३ | तालिम तथा अनुसन्धान अधिकृत | सातौँ | प्रदेश वन/ फरेष्ट रिसर्च | १ |
| २५. | १३३/०८२-८३ | शिक्षा अधिकृत | सातौ | प्रदेश शिक्षा/ शिक्षा प्रशासन | १ |
| २६. | १३४/०८२-८३ | शिक्षा अधिकृत | सातौ | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | २ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **www.ppsc.lumbini.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू :**

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३४ बमोजिम बढुवाका लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।
२. ज्येष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३६ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४४ बमोजिम हुनेछ ।
३. बढुवाका लागि प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९ बमोजिमको योग्यता पुगेको र दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४७ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
६. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।
७. ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९(१)(ग) तथा स्थानीय निजमती सेवा ऐन, २०८१ को दफा ४७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० तथा स्थानीय निजामती सेवा ऐन, २०८१ र स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ ।

**दरखास्त दस्तुर** : रु. १०००/- (एक हजार रुपियाँ)
**दरखास्त दस्तुर बुझाउने स्थान** : राष्ट्रिय वाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं. १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ ।
**कार्यालय कोड** : २१०००४८०१५ (प्रदेश लोक सेवा आयोग)
**राजस्व शLर्षक नं.** : १४२२४
**नोट:** कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवार्कf लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।
**द्रष्टव्य:-** थप जानकारी आयोगको वेबसाईट **https://ppsc.lumbini.gov.np/** मा उपलब्ध छ ।

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल ।

### प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत अधिकृत सातौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १६५/०८२-०८३** **प्रकाशन मिति: २०८२/०९/११**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा विभिन्न स्थानीय तहबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका सेवा, समूह र उपसमूहका अधिकृत सातौँ तहमा (प्राविधिक/अप्राविधिक) अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरूबाट विद्युतीय (online) माध्यमबाट दरखास्त आह्वान गरिन्छ । तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली (**www.ppsconline.lumbini.gov.np**) बाट online दरखास्त दिनुपर्नेछ । प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा (प्राविधिक) तर्फ अन्तर तह तथा समावेशी प्रतियोगिताका परीक्षाहरू एकीकृत रूपमा एकै पटक सञ्चालन गरिनेछ। प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | समुह/उपसमूह | विज्ञापनको किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|
| (अ) अप्राविधिकतर्फ | | | | | |
| १. | ५०००४/०८२-८३ | शाखा अधिकृत/ प्रशासकीय अधिकृत/ लेखा अधिकृत/आन्तरिक लेखा परीक्षण अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | २ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ४ |
| | | | स्थानीय प्रशासन/ आन्तरिक लेखा परीक्षण | | १ |
| २. | ५०००५/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुला | ४ |
| | | | स्थानीय प्रशासन/लेखा | | ५ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १२ |
| | | | स्थानीय प्रशासन/ आन्तरिक लेखा परीक्षण | | २ |
| ३. | ५०००६/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य (महिला) | १ |
| ४. | ५०००७/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मुस्लिम (महिला) | १ |
| ५. १. | ५०००८/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ६. | ५०००९/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (पुरुष) | १ |
| ७. | ५००१०/०८२-८३ | शाखा अधिकृत/ प्रशासकीय अधिकृत/ लेखा अधिकृत/आन्तरिक लेखा परीक्षण अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | खस आर्य महिला | १ |
| | | | प्रदेश प्रशासन लेखा | | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | २ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ८. | ५००११/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | दलित (महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ९. | ५००१२/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | दलित (पुरुष) | १ |
| १०. | ५००१३/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मधेशी (महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ११. | ५००१४/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी (पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ |
| १२. | ५००१५/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | आ.ज.(महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| | | | स्थानीय प्रशासन/ आन्तरिक लेखा परीक्षण | | १ |
| १३. | ५००१६/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज.(पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ |
| १४. | ५००१७/०८२-८३ | कानुन अधिकृत | स्थानीय प्रशासन/कानुन | खुला | १ |
| (आ) प्राविधिकतर्फ | | | | | |
| १५. | ५१०२९/०८२-८३ | जनस्वास्थ्य अधिकृत | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | अन्तर तह | १ |
| १६. | ५१०३०/०८२-८३ | | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | खुला | १ |
| | | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | | ३ |
| १७. | ५१०३१/०८२-८३ | | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | खस आर्य (महिला) | १ |
| | | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | | १ |
| १८. | ५१०३२/०८२-८३ | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | मधेशी (महिला) | १ |
| १९. | ५१०३३/०८२-८३ | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | आ.ज. (महिला) | १ |
| २०. | ५१०३४/०८२-८३ | | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | दलित (महिला) | १ |
| २१. | ५१०३५/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | प्रदेश स्वास्थ्य/ मेडिकल ल्याब टेक्नोलोजी/जनरल मेडिकल ल्याब | खुला | १ |
| २२. | ५१०३६/०८२-८३ | नर्सिङ अधिकृत | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | खुला | १ |
| २३. | ५२००६/०८२-८३ | इन्जिनियर | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | अन्तर तह | १ |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | | १ |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | ३ |
| २४. | ५२००७/०८२-८३ | | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | खुला | १ |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | | २ |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | | २ |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | ९ |
| २५. | ५२००८/०८२-८३ | | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | आ.ज.(महिला) | १ |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | | १ |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | | १ |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | १ |
| २६. | ५२००९/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | आ.ज.(पुरुष) | १ |
| २७. | ५२०१०/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | विपन्न खस आर्य (महिला) | १ |
| २८. | ५२०११/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | मुस्लिम (महिला) | १ |
| २९. | ५२०१२/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | थारु (महिला) | १ |
| ३०. | ५२०१३/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | खस आर्य महिला | १ |
| ३१. | ५२०१४/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | दलित (महिला) | १ |
| ३२. | ५२०१५/०८२-८३ | | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | मधेशी (महिला) | १ |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | १ |
| ३३. | ५२०१६/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | मधेशी (पुरुष) | १ |
| ३४. | ५२०१७/०८२-८३ | इन्जिनियर | प्रदेश इन्जिनियरिङ/सिभिल/बि. एण्ड आ. | खुला | १ |
| ३५. | ५२०१८/०८२-८३ | हाइड्रोजियोलोजिष्ट | प्रदेश इन्जिनियरिङ/ जियोलोजी/हाइड्रोजियोलोजी | आ.ज.(महिला) | १ |
| ३६. | ५३००१/०८२-८३ | पशु चिकित्सक | स्थानीय कृषि/भेटेरिनरी | अन्तर तह | २ |
| ३७. | ५३००२/०८२-८३ | | | खुला | ८ |
| ३८. | ५३००३/०८२-८३ | | | विपन्न खस आर्य (महिला) | १ |
| ३९. | ५३००४/०८२-८३ | | | मुस्लिम (महिला) | १ |
| ४०. | ५३००५/०८२-८३ | | | थारु (महिला) | १ |
| ४१. | ५३००६/०८२-८३ | | | खस आर्य महिला | १ |
| ४२. | ५३००७/०८२-८३ | | | दलित (महिला) | १ |
| ४३. | ५३००८/०८२-८३ | | | मधेशी (महिला) | १ |
| ४४. | ५३००९/०८२-८३ | | | आ.ज. (महिला) | १ |
| ४५. | ५३०१०/०८२-८३ | पशु विकास अधिकृत | स्थानीय कृषि/ला.पो.डे.डे. | अन्तर तह | १ |
| ४६. | ५३०११/०८२-८३ | | स्थानीय कृषि/ला.पो.डे.डे. | खुला | ३ |
| ४७. | ५३०१२/०८२-८३ | | | मधेशी (महिला) | १ |
| ४८. | ५३०१३/०८२-८३ | | स्थानीय कृषि/ला.पो.डे.डे. | आ.ज. (महिला | १ |
| | | | प्रदेश कृषि/ला.पो.डे.डे. | | १ |
| ४९. | ५३०१४/०८२-८३ | मत्स्य विकास अधिकृत | प्रदेश कृषि/मत्स्य | आ.ज. (महिला | १ |
| ५०. | ५३०१५/०८२-८३ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/ कृषि प्रसार | अन्तर तह | १ |
| ५१. | | | स्थानीय कृषि/ कृषि प्रसार | | २ |
| ५२. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | २ |
| ५३. | | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| ५४. | ५३०१६/०८२-८३ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/ कृषि प्रसार | खुला | २ |
| ५५. | | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | | ५ |
| ५६. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | ६ |
| ५७. | | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| ५८. | | कृषि अर्थ विज्ञ | प्रदेश कृषि/एग्री.इको. एण्ड मार्केटिङ | | १ |
| ५९. | ५३०१७/०८२-८३ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/ कृषि प्रसार | मधेशी महिला | १ |
| ६०. | | | स्थानीय कृषि/ कृषि प्रसार | | १ |
| ६१. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |

बाँकी पृष्ठ १५ मा

# इँटा उत्पादनमा सिन्डिकेट

■ माघ १ अघि पोल्नै नपाइने ■ उत्पादन नियन्त्रण गरेर बढाइयो मूल्य

**शशिधर पराजुली**
*विराटनगर, पुस १० गते*



भारतले कोइला निर्यातमा रोक लगाएपछि त्यसको प्रत्यक्ष असर नेपाली इँटा बजारमा देखिएको छ। कोइलाको अभाव टार्न उद्योगीहरू महँगो मूल्यमा अमेरिकी कोइला आयात गर्न बाध्य भएसँगै उत्पादन लागत बढेको छ। त्यसको सोझो भार उपभोक्ताको काँधमा पर्न गएको छ।

सरकारले इँटा उत्पादनको समयमा लगाएको 'टाइम कार्ड' अर्थात् निश्चित समयअगाडि इँटा पोल्न नपाउने नीतिका कारण पनि बजारमा कृत्रिम अभाव सिर्जना भई मूल्यवृद्धि भएको उद्योगीले नै बताएका छन्।

नेपाल उद्योग परिसङ्घका केन्द्रीय उपाध्यक्ष तथा इँटा व्यवसायी भीम घिमिरेका अनुसार विगतमा भारतबाट सहज रूपमा आउने कोइला अहिले बन्द भएपछि उद्योगीले अमेरिकी कोइला प्रयोग गर्नु परेको छ। "पहिले प्रतिटन १७ देखि १८ हजार रुपियाँमा पाइने कोइलाको मूल्य अहिले अकासिएर ३२ हजार देखि ३४ हजार रुपियाँसम्म पुगेको छ," घिमिरेले भन्नुभयो, "इँटा पोल्ने प्रमुख इन्धन नै कोइला हो, यसको मूल्य दोब्बर भएपछि इँटाको मूल्य बढ्नु स्वाभाविक हो।" उहाँका अनुसार एक लाख इँटा पोल्न २० मेट्रिक टन कोइला आवश्यक पर्छ।

सुनसरी–मोरङ औद्योगिक कोरिडोर क्षेत्रमा दुई महिनाअघिसम्म प्रतिगोटा १८ देखि १९ रुपियाँमा पाइने इँटाको मूल्य अहिले २२ रुपियाँ पुगेको छ। यसरी छोटो अवधिमै प्रतिगोटा तीन रुपियाँसम्म मूल्य बढ्नुमा कोइलाको मूल्यवृद्धिसँगै सरकारी नीति पनि जिम्मेवार रहेको व्यवसायीको बुझाइ छ।

उद्योग मन्त्रालय अन्तर्गतको वातावरण समितिले काठमाडौँ उपत्यकाको प्रदूषणलाई आधार मानेर देशभरका इँटा उद्योगलाई माघ १ गतेभन्दा अगाडि इँटामा आगो लगाउन (फाइरिङ गर्न) रोक लगाएको छ। यो नीति अव्यावहारिक भएको उद्योगी घिमिरेको तर्क छ। "काठमाडौँको कचौरा जस्तो भौगोलिक बनावट र तराईको खुला फाँटलाई एउटै डालोमा राखेर हेर्न मिल्दैन," उहाँले भन्नुभयो, "तराईमा प्रदूषण सजिलै पास भएर जान्छ।

सरकारको यो निर्णयले बजारमा प्रतिस्पर्धा रोकियो र सिन्डिकेट जस्तो अवस्था सिर्जना भएको गुनासो उपभोक्ताबाट आइरहेको छ तर हामी असहमत हुँदाहुँदै पनि सरकारले गरेको निर्णय मान्नुपर्ने भयो।" इँटा व्यवसायी महासङ्घको समेत सहमतिमा सरकारले यो निर्णय गरेको हो। यो निर्णयले खुला बजार अर्थतन्त्र र खुला प्रतिस्पर्धालाई खुम्च्याएको छ।

गत वर्ष इँटा उद्योगले आफ्नो क्षमताको करिब ४० प्रतिशत मात्र इँटा उत्पादन गरेका थिए। भदौपछि विकासनिर्माणका कामले गति लिँदा इँटाको माग बढे पनि उत्पादन र आपूर्तिको सन्तुलन नमिल्दा मूल्य बढेको हो। मूल्य बढ्नुअघि मङ्सिरको पहिलो हप्ता कोशी प्रदेशमा इँटाको कृत्रिम अभाव सिर्जना गरिएको थियो।

सरकारले भौगोलिक अवस्था हेरेर व्यावहारिक नीति ल्याउन सक्नुपर्ने र कोइला आपूर्तिको वैकल्पिक व्यवस्थापनमा सरकारले सहजीकरण गर्नुपर्ने व्यवसायीले बताएका छन्।

### भारतीय श्रमिककै भर

नेपालको इँटा उद्योग परम्परागत प्रविधि र भारतीय श्रमिकमा पूर्ण रूपमा निर्भर छ। इँटा उत्पादनलाई आधुनिकीकरण गर्न भन्दै केही वर्षअघि भित्र्याइएका चिनियाँ र अन्य आधुनिक मेसिन नेपालमा असफल सिद्ध भएका छन्। उपाध्यक्ष घिमिरेले भन्नुभयो, "करोडौँ लगानी गरेर साथीले मेसिन ल्याउनुभयो तर मेसिनले बनाएका इँटा सुक्दा चर्किने र गुणस्तर नआउने समस्या देखियो। हातले इँटा बनाउनका लागि दक्ष जनशक्तिको अभाव विगतदेखि नै झेल्दै आएको छ। विशेष गरी तराईका इँटा उद्योगमा ७० प्रतिशत श्रमिक भारतीय नागरिक रहेका छन् भने पहाडी क्षेत्र र काठमाडौँमा पनि यो सङ्ख्या ५० प्रतिशतको हाराहारीमा छ।

काँचो इँटा तयार पार्ने मुख्य काममा भारतीय श्रमिककै वर्चस्व छ भने कोइला बोक्ने र इँटा ओसारपसार गर्ने (लेबर तथा ट्रान्सपोर्ट) काममा मात्र नेपाली श्रमिक संलग्न छन्।

# वैदेशिक रोजगारीमा ठगी रोक्न नयाँ कार्यक्रम

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस १० गते*

सरकारले वैदेशिक रोजगारीमा हुने ठगीलाई नियन्त्रण गर्न 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालनमा ल्याएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफूमातहतका विभाग, देशभरका ७५३ पालिकामा रहेका रोजगार केन्द्रमार्फत 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालनमा ल्याएको हो। 'हेल्प अस टु हेल्प यु' '१० प्रश्न' मार्फत वैदेशिक रोजगारमा जाने श्रमिकले खोजेका प्रमुख प्रश्नको उत्तर प्राप्त गर्न सक्ने व्यवस्था मिलाएको छ।

यो कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले यसअघि आफूमातहतका वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, यी विभाग अन्तर्गतका ११ वटा श्रम तथा रोजगार कार्यालय र देशभर ७५३ पालिकामा रहेका रोजगार केन्द्रमा पत्राचार गरिसकेको जनाएको छ। श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले वैदेशिक रोजगारमा जाने श्रमिकलाई ठगी जोगाउन 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालन ल्याइएको जानकारी दिनुभयो।

यस कार्यक्रममार्फत वैदेशिक रोजगारीका लागि जान लागेको देश, रोजगारदाताबाट आएका मागपत्र, योग्यता, आवश्यक पर्ने सिप, राज्यले तोकेको शुल्क, भुक्तानी गर्ने विधि, जाने सुरक्षित प्रक्रिया र योसँग सम्बन्धित आधिकारिक निकायका विषयमा उत्तर दिइने छ। प्रवक्ता घिमिरेले यस कार्यक्रममार्फत वैदेशिक रोजगारीमा जाने श्रमिकले राज्यको आधिकारिक सूचनालाई आधार मानेर निर्णय गर्न सक्ने, डिजिटल माध्यमबाट फैलिरहेका ठगी तथा झुटा प्रलोभनबाट जोगिन सक्ने र वैदेशिक रोजगारमा पूर्ण सुरक्षित, सुनिश्चित गर्नु यसको उद्देश्य रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार देशभरका ७५३ स्थानीय तहमा रहेका रोजगार सूचना केन्द्र, सातै प्रदेशका श्रम कार्यालय, वैदेशिक रोजगार विभाग र समाधान कल सेन्टरलाई १० प्रश्नसँग जोडिने छ। यी सबै स्थानबाट कार्यालय समयमा सेवा लिन सकिने छ।

पछिल्लो समय टिकटक, फेसबुकका रिललगायत सामाजिक सञ्जालमार्फत 'यति पैसा कमाइन्छ', 'फलानो देश सजिलै पठाइदिन्छौँ' जस्ता भ्रमपूर्ण प्रचार बढेको छ। त्यसबाट श्रमिकलाई जोगाउन यो सेन्टर प्रभावकारी हुने विश्वास मन्त्रालयको छ।

यसमा कुन देशमा रोजगारीको माग कति छ, कुन वैदेशिक रोजगार व्यवसायी कम्पनीले कुन कुन देशका लागि श्रमिक पठाउँछन्, कामका लागि आवश्यक योग्यता, उमेर, तालिम, स्वास्थ्य अवस्था, लाग्ने खर्च, भुक्तानी प्रक्रिया, सुरक्षित जाने विधि तथा सम्बन्धित निकायका आधिकारिक सम्पर्क ठेगानालगायतका विषय समावेश छन्।

### श्रमिकको क्षतिपूर्ति रकम प्राप्त

कुवेतमा काम गर्ने क्रममा ज्यान गुमाएका र घाइते भएका नेपाली श्रमिकले प्राप्त गर्ने क्षतिपूर्तिबापतको रकम नेपाल आइसकेको छ। कुवेतमा रहेको नेपाली दूतावासले रोजगारीका क्रममा कुवेतमा ज्यान गुमाएका र घाइते भएका श्रमिकले क्षतिपूर्तिबापत पाउने रकम परराष्ट्र मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागमार्फत पठाएको जनाएको हो।

कुवेतमा विगतका वर्षमा मृत्यु तथा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्ति प्राप्तिका लागि राजदूतावासले कानुन व्यवसायीको मद्दत लिएर आवश्यक कार्य अगाडि बढाएको थियो।

दूतावासले निरन्तर प्रयत्नपछि श्रमिकको बाँकी तलब, सेवापश्चात् पाउने रकम, सम्बन्धित कम्पनीबाट प्राप्त सहयोगबापत ७३ हजार ७४८ दिराम अर्थात् तीन करोड ४४ लाख रुपियाँ क्षतिपूर्ति प्राप्त भएको हो। उक्त रकम ७८ जना श्रमिकका नाममा आएको जनाइएको छ। यसरी आएको रकममा सबैभन्दा धेरै नवलपरासीपूर्वका हेमबहादुर सुनारीको नाममा पाँच हजार ५४७ दिराम आएको दूतावासले विज्ञप्तिमा जनाएको छ।

# बागमती प्रदेश सरकारको खर्च ९.८५ प्रतिशत मात्रै

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, पुस १० गते*

बागमती प्रदेश सरकारको बजेट खर्चको अवस्था कमजोर देखिएको छ। प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ का लागि ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपियाँ विनियोजन गरिएको छ।

चालु आवको पाँच महिनामा प्रदेश सरकारले कुल बजेटको ९.८५ प्रतिशत मात्र खर्च गरेको छ। प्रदेशमा पाँच महिनामा छ अर्ब ६४ करोड ६२ लाख ८ हजार रुपियाँ मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता श्रीकृष्ण आचार्यले जानकारी दिनुभयो। जसमध्ये पुँजीगततर्फ एक अर्ब ८५ करोड २६ लाख रुपियाँ (४.४७ प्रतिशत) र चालुतर्फ चार अर्ब ७९ करोड २५ लाख रुपियाँ (१८.४१ प्रतिशत) खर्च भएको छ।

मन्त्रालयगत रूपमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सबैभन्दा बढी २१.७८ प्रतिशत बजेट खर्च गरेको छ भने संस्कृति तथा पर्यटन मन्त्रालयले सबैभन्दा कम १.४८ प्रतिशत मात्र खर्च गरेको छ। स्वास्थ्य मन्त्रालयले २०.५४ प्रतिशत; श्रम, रोजगार तथा यातायात मन्त्रालयले १९.५५ प्रतिशत, सामाजिक विकास मन्त्रालयले १०.७० प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ७.१२ प्रतिशत र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ४.४४ प्रतिशत बजेट खर्च गरेका छन्।

त्यस्तै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले १३.७१ प्रतिशत, प्रदेश सभा सचिवालयले २४.५० प्रतिशत, प्रदेश लोक सेवा आयोगले २ ९.९० प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले २३.६७ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगले १९.०४ प्रतिशत बजेट खर्च गरेका छन्।

### राजस्व सङ्कलन कमजोर

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको पाँच महिनाको अवधिमा लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न सकेको छैन। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार साउनदेखि मङ्सिरसम्ममा प्रदेश सरकारले लक्ष्यको २३.८८ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ।

प्रदेश सरकारले चालु आवका लागि ६७ अर्ब ४७ करोड ७२ लाख रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा पाँच महिनामा १६ अर्ब ११ करोड सात लाख ८२ हजार रुपियाँ मात्र सङ्कलन भएको मन्त्रालयले जनाएको छ।

प्रदेशको मुख्य आम्दानी स्रोत मानिने घरजग्गा रजिस्ट्रेसन (मालपोत) तथा सवारीसाधन करतर्फको प्रगति कमजोर हुँदा समग्र राजस्व नै प्रभावित भएको हो। सो दुई शीर्षक तथा बाँडफाँटसमेतबाट आव २०८२/८३ मा २० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपियाँ सङ्कलन हुने अनुमान गरिएकोमा पाँच महिनामा आठ अर्ब ८४ करोड ४७ लाख ७७ हजार रुपियाँ मात्र सङ्कलन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता आचार्यले जानकारी दिनुभयो।

सवारीसाधन जाँचपास, रुट परमिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणसम्बन्धी कर शीर्षकबाट आठ अर्ब २५ करोड रुपियाँ सङ्कलन गर्ने लक्ष्य रहेकोमा पाँच महिनामा ३५.८६ प्रतिशत (दुई अर्ब ९५ करोड ८६ लाख २३ हजार रुपियाँ) राजस्व सङ्कलन भएको छ।

# जडीबुटी निर्यात एकहत्तर प्रतिशत वृद्धि

- साउनदेखि मङ्सिरसम्म २५ करोड २६ हजार रुपियाँ बराबरको विभिन्न प्रकारका आठ लाख ४१ हजार ३३८ किलो जडीबुटी निर्यात
- नेपालगन्ज नाकाबाट भारत निकासी हुनेमा टिमुर, काउलो, सतुवा, बोझो, दालचिनी, अमला सबैभन्दा बढी
- हिमाली जिल्लामा सङ्कलन इजाजत र छुट पुर्जी लिन सदरमुकाम जानुपर्ने झन्झट



तस्बिर : सिराज खान

**खजुरामा रहेको जडीबुटी गोदाममा बोरामा टिमुर भरिँदै।**

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, पुस १० गते*

नेपालबाट जडीबुटी निकासी गर्ने क्रम फेरि बढ्दै गएको छ। नेपालगन्ज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म यो नाकाबाट २५ करोडभन्दा बढीको जडीबुटी निर्यात भएको छ जुन गत आवको सोही अवधिभन्दा ७१ प्रतिशतले बढी हो।

नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले चालु आवको साउनदेखि मङ्सिरसम्म २५ करोड २६ हजार रुपियाँ बराबरको विभिन्न प्रकारका आठ लाख ४१ हजार ३३८ किलो जडीबुटी निर्यात भएको जानकारी दिनुभयो। गत आवको सोही अवधिमा १४ करोड ६२ लाख ७९ हजार रुपियाँको जडीबुटी निर्यात भएको थियो।

नेपालगन्ज नाकाबाट भारत निकासी हुनेमा टिमुर, काउलो, सतुवा, बोझो, दालचिनी, अमला सबैभन्दा बढी छ। नेपालबाट निकासी हुनेमध्ये ८५ प्रतिशत जडीबुटी भारतमा निकासी हुने गरेको जडीबुटी व्यवसायी सङ्घको नेपालगन्जस्थित केन्द्रीय कार्यालयले जनाएको छ।

सरकारले निर्यात सहज हुने गरी जडीबुटी नीति ल्याए निकासी अझ वृद्धि हुन सक्ने नेपाल जडीबुटी व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष टङ्कप्रसाद शर्माले बताउनुभयो। उहाँले प्रस्ट जडीबुटी नीति नहुँदा व्यवसायीले सहज रूपमा काम गर्न नपाएको गुनासो गर्दै नीतिलाई सहज र सरल बनाउनुपर्ने माग गर्नुभयो।

हिमाली जिल्लामा सङ्कलन इजाजत र छुट पुर्जी लिन सदरमुकाम जानुपर्ने झन्झट छ। साना व्यवसायीले जडीबुटी ओसारपसार गर्न नसक्ने अवस्था रहेको सङ्घले जनाउँदै आएको छ। एक जिल्लाबाट अर्को जिल्ला लैजानसमेत अप्ठ्यारो हुने गरेको व्यवसायीको भनाइ छ।

सङ्घका अनुसार पहिचान भइसकेका जडीबुटी प्लान्ट क्वारेन्टाइनमा सूचीकृत नहुँदा विदेश निर्यातमा समस्या छ।

पृष्ठ १४ को बाँकी

| क्र.सं. | विज्ञापन नं. | पद | समुह/उपसमूह | विज्ञापनको किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|
| ६२. | ५३०१८/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | आ.ज. (महिला | १ |
| ६३. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ६४. | | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| ६५. | | बागवानी विकास अधिकृत | प्रदेश कृषि/बागवानी | | १ |
| ६६. | ५३०१९/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | थारु (महिला) | १ |
| ६७. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ६८. | ५३०२०/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | खस आर्य महिला | १ |
| ६९. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ७०. | | बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | | १ |
| ७१. | | कृषि अर्थ विज्ञ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ्ग | | १ |
| ७२. | ५३०२१/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | दलित (महिला) | १ |
| ७३. | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ७४. | ५३०२२/०८२-८३ | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | मुस्लिम (महिला) | १ |
| ७५. | ५४००२/०८२-८३ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | खुला | २ |
| ७६. | ५४००३/०८२-८३ | | | आ.ज.(पुरुष) | १ |
| ७७. | ५५००३/०८२-८३ | शिक्षा अधिकृत/प्रशिक्षक | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | अन्तर तह | १ |
| ७८. | | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | | २ |
| ७९. | ५५००४/०८२-८३ | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | खुला | १ |
| ८०. | | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | | ५ |
| ८१. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/नेपाली | | १ |
| ८२. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/अंग्रेजी | | १ |
| ८३. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/विज्ञान | | १ |
| ८४. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/सामाजिक | | १ |
| ८५. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/शारीरिक शिक्षा | | १ |
| ८६. | ५५००५/०८२-८३ | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | मधेशी (महिला) | १ |
| ८७. | | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | | १ |
| ८८. | ५५००६/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | थारु (महिला) | १ |
| ८९. | ५५००७/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | खस आर्य महिला | १ |
| ९०. | ५५००८/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | दलित (महिला) | १ |
| ९१. | ५५००९/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | आ.ज. (महिला) | १ |

**परीक्षाको किसिम** :- पाठ्यक्रममा तोकिए अनुसार।

**परीक्षा केन्द्र** :- बुटवल।

**परीक्षा मिति, समय र स्थान** :- परीक्षा सम्बन्धी जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यम** :- परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यम** :- आयोगको विद्युतीय दरखास्त प्रणाली **PPSCONLINE.LUMBINI.GOV.NP** मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको USER MANUAL मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रूपमा उम्मेदवारहरूले आफ्नै मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुर** :- दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनुपर्नेछ। अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूह/पत्रको प्रत्येकका लागि रु. ४००/- (चार सय) का दरले थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** :- २०८२।१०।०१ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२।१०।०८ गतेसम्म।

**उम्मेदवारको उमेरको हद** :-
❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८२।१०।०१ सम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाका हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
❖ संघीय निजामती सेवाको सबै प्रदेशको निजामती सेवाको र सबै स्थानीय तहको स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।